महाबु गाउँपालिका गाउँ कार्यपालिका बैठक १-२०८२।८३ मिति २०८२।०४।०७

आज मिति २०८२ साल साउन ०७ गतेका दिउसोको १२:०० बजेको समयमा महाबु गाँउपालिका, दैलेखका अध्यक्ष श्री जंग बहादुर शाहीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

**तपसिल**

| क स | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | जंग बहादुर शाही | अध्यक्ष | महाबु गाउँपालिका, दैलेख |
| २ | | मन्जुकुमारी शर्मा(पाण्डे) | उपाध्यक्ष | महाबु गाउँपालिका, दैलेख |
| ३ | | उदयराज उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | महाबु गाउँकार्यपालिका कार्यालय |
| ४ | | सर्वराज सार्की | वडा अध्यक्ष | १ नं वडा कार्यालय |
| ५ | | प्रकाशराज थापा | वडा अध्यक्ष | २ नं वडा कार्यालय |
| ६ | | कृष्णकुमार दाहाल | वडा अध्यक्ष | ३ नं वडा कार्यालय |
| ७ | | रामबहादुर शाही | वडा अध्यक्ष | ४ नं वडा कार्यालय |
| ८ | | दिपबहादुर शाही | वडा अध्यक्ष | ५ नं वडा कार्यालय |
| ९ | | रेशमबहादुर थापामगर | वडा अध्यक्ष | ६ नं वडा कार्यालय |
| १० | | बसन कुमारी खत्री | कार्यपालिका सदस्य | महाबु गाउँपालिका, दैलेख |
| ११ | | कृष्णादेवी जैसी | कार्यपालिका सदस्य | महाबु गाउँपालिका, दैलेख |
| १२ | | मानकला सलामी | कार्यपालिका सदस्य | महाबु गाउँपालिका, दैलेख |
| १३ | | पवित्राकुमारी गिरी | कार्यपालिका सदस्य | महाबु गाउँपालिका, दैलेख |
| १४ | | रामे कामी | कार्यपालिका सदस्य | महाबु गाउँपालिका, दैलेख |
| १५ | | कुमार नेपाली | कार्यपालिका सदस्य | महाबु गाउँपालिका, दैलेख |

**आमन्त्रीत**

खगेन्द्र कुमार विसी बरिष्ठ लेखा अधिकृत महाबु गाउँपालिका दैलेख

**सहयोगी कर्मचारी**

श्री नन्दाराम बुढा कार्यालय सहयोगी महाबु गाउँपालिका दैलेख

प्रस्तावहरु

१) सडक मर्मत सम्भार कार्यकर्ताको नियुक्ति सेवा सुविधा तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०८२ स्विकृत गर्ने सम्बन्धमा ।
२) घ बर्गको इजाजत नविकरणका सम्बन्धमा ।
३) स्थानीय अनुकुलन जलवायु परिवर्तन परियोजनाको समिक्षा सम्बन्धमा ।
४) सार्वजनिक सुनुवाईको मिति तोक्ने सम्बन्धमा ।
५) कार्यसम्पादन सम्झौता गर्ने सम्बन्धमा ।
६) आ व २०८१।८२ को नपुग सामाजिक सुरक्षा भत्ता रकम माग गर्ने सम्बन्धमा ।
७) सडक मर्मत सम्भार कार्यकर्ता छनौट सम्बन्धमा ।
८) महाबु सडक मर्मत सम्भार सम्बन्धमा ।
९) स्वास्थ्य चौकी भवन निर्माणका लागि बजेट माग सम्बन्धमा ।
१०) विविध तथा प्रासङ्गिक विषयहरु ।

**निर्णयहरु**

**निर्णय नं १**

प्रस्ताव नं १ माथि छलफल गर्दा महाबु गाउँपालिकाको सडक मर्मत सम्भार कार्यकर्ताको नियुक्ति सेवा सुविधा तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०८२ स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

प्रस्ताव नं २ माथि छलफल गर्दा महाबु गाउँपालिकाको घ बर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि २०७५ तपसिल बमोजिम संसोधन गर्ने निर्णय गरियो ।

मुल कार्यविधिको दफा ३ क थप गर्ने :-

| |
|---|
| मुल कार्यविधिको दफा ३ क थप गर्ने :- यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि तोकिएको समयमा इजाजत नविकरण हुन नसकेका तर प्रचलित कानून बमोजिम संघ प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धीत कार्यालयबाट प्राप्त कर चुक्ता प्रमाण पत्र तथा फर्म कम्पनीको नविकरण एक पटकको लागि कार्यविधि स्विकृत भएको मिति बाट एक महिना भित्र इजाजत नविकरण हुन छुट भएको स्पष्ट कारण सहित नविदेन दिएमा आर्थिक ऐन २०८२ ले तोके बमोजिमको शुल्क र जरिवाना लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजत नवीकरण गर्न बाधा पर्ने छैन । |

**निर्णय नं ३**

प्रस्ताव नं ३ माथि छलफल गर्दा महाबु गाउँपालिकामा संचालित स्थानीय अनुकुल जलवायु परिवर्तन परियोजनाको आर्थिक वर्ष २०८१।८२ मा भएको आम्दानी र खर्चको समिक्षा गरियो ।

| परियोजनाको लागि यस आ.ब.को कुल बजेट तथा खर्चको अवस्था | शीर्षक | बजेट | निकासा | खर्च | खर्च % निकासामा |
|---|---|---|---|---|---|
| फिनल्याण्ड सरकार,युरोपियन युनियन,नेपाल सरकार र गांउपालिका | पूँजीगत | 21,520,000.00 | 13,333,971.00 | 13,333,971.00 | 100 |
| | कार्यक्रम/चालु | 2,200,000.00 | 1,570,000.00 | 1,570,000.00 | 100 |
| | **जम्मा** | **23,720,000.00** | **14,903,971.00** | **14,903,971.00** | **100.00** |

**निर्णय नं ४**

प्रस्ताव नं ४ माथि छलफल गर्दा महाबु गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को अन्तिम सार्वजनिक सुनुवाई मिति २०८२ साउन ३० गते शुक्रबार गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

प्रस्ताव नं ५ माथि छलफल गर्दा सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ तथा नियमावली, २०६५, निजामती सेवा ऐन, २०४९ तथा नियमावली २०५०, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र नेपाल सरकारद्वारा समय समयमा जारी निर्देशन एवं परिपत्रमा उल्लेखित प्रावधान बमोजिमको कार्य सम्पादन गर्ने गरी आ.व. २०८२/०८३ का लागि गाँउपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत, प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरु बीच कार्यसम्पादन करार सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

प्रस्ताव नं ६ माथि छलफल गर्दा आर्थिक वर्ष २०८१।८२ मा नपुग भएको सामाजिक सुरक्षा भत्ता रकम सम्बन्धी राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको मिति २०८२।०४।०१ गतेको पत्र अनुसार आ ब २०८१।८२ मा बजेट अपुग भई भुक्तानी गर्न बाकि रहेको रकम रु ३४७४१६।०० (अक्षेरुपी तिन लाख सरचालिस हजार चार सय स्रोह मात्र) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागसंग निकासा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

प्रस्ताव नं ७ माथि छलफल गर्दा आर्थिक बर्ष २०८२।८३ को शुरु तिन महिनाको लागि महाबु गाउँपालिकाको सडक मर्मत सम्भार कार्यकर्ताको नियुक्ति सेवा सुविधा तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०८२ बमोजिम तपसिल बमोजिमका वडा मा तपसिल बमोजिमको संख्यामा सडक मर्मत सम्भार कार्यकर्ता छनौट गरी काममा लगाउन वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

| क्र स | सडकको नाम | वडा नं | श्रमिक संख्या |
|---|---|---|---|
| १ | अतिरिक्त हुलाक देखि बडाखोला सडक | २ | २ |
| २ | बडाखोला दोबाटो हुदै तिपेडी सडक | २ | २ |
| ३ | तिपेडी रिठा वडा कार्यालय हुदै गैडाबाज र गोटिखोला | ३ | ३ |
| ४ | गैडाबाज काप्रिखोला सडक | ४ | २ |
| ५ | गैडाबाज घोडामर्चे सडक | ४ | २ |
| ६ | घोडामर्चे देखि बडा कार्यालय हुदै टाकुरी खोला सडक र जुम्लीडाँडा सिमलडाँडा सडक | ६ | ३ |

**<u>निर्णय नं ८</u>**

प्रस्ताव नं ८ माथि छलफल गर्दा हिन्दु धर्मावलम्बीहरुको महान पर्व जनै पुर्णिमामा महाबु धाममा जाने भक्तजनहरुको सहजताका लागि महाबु गाउँपालिकाको केन्द्र गैडाबाज देखि महाबु धाम अन्तर्गतको महाबु खण्डको सडक मर्मत सम्भारका लागि गाउँपालिकाको मेशिनलाई तयारी अवस्थामा राख्ने निर्णय गरियो ।

**<u>निर्णय नं ९</u>**

प्रस्ताव नं ९ माथि छलफल गर्दा महाबु गाउँपालिकाको आफ्नै स्रोतले निर्माण गर्न नसकिएका तपसिल बमोजिमका स्वास्थ्य संस्थाको भवन निर्माणका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ काठमाण्डौलाई अनुरोध गर्ने निर्णय गरियो ।

**<u>तपसिल</u>**

१) बासि स्वास्थ्य चौकी भवन निर्माण महाबु गाउँपालिका ३ दैलेख
२) ऐराडी सामुदायिक स्वास्थ्य ईकाइ भवन निर्माण महाबु २ दैलेख
३) खरिगैरा स्वास्थ्य चौकी भवन निर्माण महाबु गाउँपालिका १ दैलेख